# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाण्डौ

मिति: २०७३/१२/०९ गते

## प्रेस विज्ञप्ति

**आरोप-पत्र दायर गरिएको ।**

यातायात व्यवस्था विभाग, मिनभवन काठमाण्डौंमा कार्यरत शाखा अधिकृत अर्जुन प्रसाद रिजालले मोटर ड्राईभिङ ईन्स्टिचट्युट दर्ता गर्ने प्रयोजनका लागि विभिन्न बहानामा सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टंगालबाट खटिई गएको टोलीले निज अर्जुन प्रसाद रिजाललाई रु.२५,०००/-(पच्चीस हजार) घुस रकम लिएको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज अर्जुन प्रसाद रिजालले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) वमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुँदा राष्ट्रसेवक अर्जुन प्रसाद रिजाललाई रु.२५,०००/-(पच्चीस हजार) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता